वर्ष ५, अंक २, साउन-असोज, २०७४

# Voice of Indigenous Women

# आदिवासी महिला आवाज

राष्ट्रिय त्रैमासिक पत्रिका



## यसभित्र ...


- एकीकृत शत्रुजीव व्यवस्थापन (आइपीएम) कृषक पाठशाला तालिम कार्यक्रम –पृ. ४
- आदिवासी जनजाति बृहत राष्ट्रिय राजनीतिक सम्मेलनद्वारा तयार पारिएको काठमाडौं घोषणापत्र-२०७५ –पृ. ६
- "भूमि, भूभाग र स्रोतमा आदिवासीको सामूहिक अधिकार" –पृ. ९
- जेनेभामा आदिवासी महिला –पृ. १०
- साझेदारीमा कार्यक्रमहरू –पृ. १०

का.जि.प्र.का.द.नं. १२८/०५६/०५७

# आदिवासी महिला आवाज

वर्ष ५, अंक २, साउन–असोज, २०७५

**सल्लाहकार**
सुनी लामा
यशोकान्ति भट्टचन

**सम्पादक**
हिमकुमारी लिम्बू

**सम्पादन सहयोगी**
निर्मला भुजेल
सावित्रा चेपाङ

**कानुनी सल्लाहकार**
अधिवक्ता सरला मोक्तान

**व्यवस्थापन**
सुशिला गोले
बिनादेवी राई

**प्रकाशन सहयोग**
मामा क्याश (Mama Cash)

**कार्यालय**
राष्ट्रिय आदिवासी जनजाति महिला मञ्च
काठमाडौं महानगरपालिका-३५, पुरानो सिनामंगल,
पेप्सीकोला, काठमाडौं
पोष्ट बक्स नं.: ११९२३, सुन्धारा, काठमाडौं
फोन नं.: ०१-५१५६११३, फ्याक्स नं.: ०१-५१५६२९७
**Email:** niwfnepal@gmail.com
**Website:** www.niwfnepal.org.np

**मुद्रण**
सिटी अफसेट प्रेस, कुपण्डोल, ललितपुर
फोन नं. ०१-५२६०७५२

# सम्पादकीय

यस संस्थाले प्रकाशन गर्दै आएको त्रैमासिक पत्रिका *आदिवासी महिला आवाज*को वर्ष ५, अंक २ पाठक समक्ष पस्कने जमर्को गरेका छौं । यस अवधिमा आदिवासी महिलाको नेतृत्व र विकासमा आएको सकरात्मका परिवर्तनको स्थिति र यस संस्थाले आदिवासी जनजाति महिलाको अधिकार र विकासका लागि पुऱ्याएको सहयोग, सरकारी निकायहरूसँग साझेदारी र खरदारी गर्दै आदिवासी महिलाको अधिकार प्राप्तिका लागि आदिवासी महिलालाई नै सशक्त बनाउन विभिन्न कार्यक्रम र अभियानहरू सञ्चालन गर्दै आएको जानकारी गराउन चाहन्छौं ।

यसभित्र 'एकीकृत शत्रुजीव व्यवस्थापन (आइपीएम) कृषक पाठशाला तालिम कार्यक्रम', 'आदिवासी जनजाति बृहत राष्ट्रिय राजनीतिक सम्मेलनद्धारा तयार पारिएको काठमाडौं घोषणापत्र -२०७५', "भूमि, भूभाग र स्रोतमा आदिवासीको सामूहिक अधिकार", 'जेनेभामा आदिवासी महिला', 'साझेदारीमा कार्यक्रमहरू' तथा संस्थाको चिनारी लगायत उपयोगी लेख राखिएको छ ।

हामी आशा गर्दछौं विगतका प्रकाशन र लेखहरूलाई झैं यस प्रकाशनलाई पनि सम्पूर्ण पाठकले मन पराउनु हुनेछ । पाठक र शुभचिन्तकहरूबाट हामी के अपेक्षा गर्दछौं भने आगामी अंकहरूमा प्रकाशन गर्नका लागि लेख, रचना, र समाचारहरू हामीलाई पठाउनका लागि अनुरोध गर्दै यहाँहरूको अमूल्य सुझाब प्राप्त हुनसकेमा हामी आभारी हुने थियौं ।

धन्यवाद !

CamScanner

# मन्तव्य

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव उन्मूलन गर्ने महासन्धिलाई अंग्रेजीको छोटकरीमा सिड (CEDAW) भनिन्छ। यस महासन्धिलाई २०४८ साल वैशाख ९ गते (अप्रिल २२/१९९१)मा र महासन्धिको इच्छाधिन आलेखलाई १ असार २०६४ (१५ जुन २००७) मा नेपाल सरकारले विना कुनै शर्त अनुमोदन गरिसकेको छ। ६ भाग र ३० वटा धारा भएको सिडको आवधिक प्रतिवेदन प्रत्येक ४ वर्षमा सिड समितिलाई नेपाल सरकारले बुझाउनु पर्छ। यसमा आदिवासी, दलित, मधेसी, मुश्लिम, एलजिबिटिआई, अपांगता भएका महिलाहरूको अधिकारको बारेमा गलत वा भ्रमपूर्ण जानकारी दिन नपाओस् भनेर सिड समितिलाई सत्यतथ्य जानकारी दिनका लागि नेपालका विभिन्न महिला अधिकारवादी संघसंस्थाहरूले सिड समितिलाई छायाँ प्रदिवेदन बुझाउने गर्दछ।

राज्यपक्षले सिड समितिलाई बुझाएको चौथौ र पाँचौं संयुक्त प्रतिवेदनका सम्बन्धमा राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ, लाहुर्निप र फरेष्ट पिपुल्स् प्रोग्रामले आदिवासी महिलाको अधिकारको स्थिति सम्बन्धमा छायाँ प्रतिवेदन सिड समितिलाई बुझाएपछि सिड समितिको २० जुलाइ सन् २०११ का दिन बसेको १८९औं र १९०औं शत्रले  नेपाललाई दिएको निष्कर्ष सुझावमा आदिवासी महिलाको विषयमा ४ वटा सुझाव दिएको थियो। जसमा बहुल विभेद, कमलरी, मातृभाषामा शिक्षा र स्थानीयदेखी राष्ट्रिय तहसम्मको सार्वजनिक जीवनमा सहभागिता उल्लेख थियो।

महिला, बालबालिका तथा जेष्ठ नागरिक, मन्त्रालय र सम्बन्धित मन्त्रालयका उच्चपदस्थ पदाधिकारीहरूसँग समितिले दिएको निष्कर्ष सुझाव कार्यान्वयनको अवस्था कस्तो छ भन्ने बारेमा ५ विकास क्षेत्रमा फेब्रुअरीदेखि अप्रिल २०१५ राष्ट्रिय स्तरको कार्यशाला गोष्ठी तथा सम्वाद कार्यक्रम गरी सन् २०१८को छायाँ प्रतिवेदन तयारीको गर्न केन्द्र र जिल्लामा रहेका आदिवासी महिलामाथि हुने विभिन्न प्रकारका हिंसाका घटनाहरूको सत्य तथ्य संकलन र आवश्यक कानूनी सहायता उपलब्ध गराइएको पनि थियो।

अक्टोबर २२ र २७ सन् २०१८ मा स्वीजरलाण्डको जेनेभास्थित संयुक्त राष्ट्रसंघको भवनमा सिडको ७१ औं सत्रमा नेपालबाट बुझाएका १६ वटा छायाँ प्रतिवेदनमध्ये आदिवासी महिलाहरूको अवस्था र सवालमा चारवटा संस्थाहरू राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ, राष्ट्रिय आदिवासी जनजाति महिला मञ्च, आदिवासी महिला कानुनी सचेतना समूह र राष्ट्रिय आदिवासी महिला अपांग संघले संयुक्त रूपमा बुझाएको थियो। यही ९ अक्टोवर सन् २०१८मा सिड समितिले नेपाल सरकारलाई दिएको १ देखि ५३वटा वूदामा समेटीएको निष्कर्ष सुझावमा आदिवासी महिलासँग सम्बन्धित १५ वटा छन्। सवैभन्दा महत्वपूर्ण बुँदाहरू ४० को (क) र ४१ को (क) हुन्। थप संयुक्त राष्ट्रसंघको घोषणापत्र अनुसार आदिवासी महिला र आदिवासीहरूको आत्मनिर्णयको अधिकार प्रष्ट रूपमा सुनिश्चित हुने गरी संविधान संशोधन गर्न सुझाव दिएको छ।

अबको काम भनेको सीड समितिले दिएको सुझावलाई पूर्ण र प्रभावकारी रूपमा कार्यान्वयन गराउनका लागि नीति निर्माण तहमा बसेकाहरूसँग बहस र छलफल गरी दबाब दिन स्वयं सचेत र जागरुक, राष्ट्रिय र स्थानीय तहमा स्रोतको व्यवस्था, सम्बन्धित निकाय सकारात्मक, राष्ट्रिय र स्थानीय तहमा जनवकालतका कार्यहरू हुनु जरुरी रहनुका साथै आदिवासी महिलाका, साझेदारी तथा दातृ संस्थाहरू, राजनीतिक दलहरू मिलेर सामूहिक रूपमा प्रभावकारी कार्यान्वयन गर्न राज्यपक्षलाई सशक्त दबाब दिन आवश्यक छ।

**यशोकान्ति भट्टचन**
(कार्यवाहक अध्यक्ष)
राष्ट्रिय आदिवासी जनजाति महिला मञ्च



CamScanner



# एकीकृत शत्रुजीव व्यवस्थापन (आइपीएम) कृषक पाठशाला तालिम कार्यक्रम

MADRE नामको संस्थाको आर्थिक सहयोग र राष्ट्रिय आदिवासी जनजाति महिला मञ्चको आयोजनामा ललितपुरको गोदावरी नगरपालिका वडा नं. ६ शिखर्पाका पहरी समुदायका निम्न आयस्रोत भएका कृषक घरपरिवारलाई तालिमको लागि उपयुक्त ठाउँ र समुदाय छनौट गरी ३० जना पहरी महिला तथा पुरुषहरूको समूह बनाई कार्यक्रम संचालन गर्न शुरू गरिएको छ। उक्त तालिमको लागि सहभागीहरूले कम्तीमा ५ महिनासम्म समय दिएर तालिममा सहभागि हुनुपर्ने हुन्छ। दक्ष प्रशिक्षकद्वारा पूर्णरूपमा व्यावहारिक कुराहरूमा मात्र केन्द्रित रहेर तालिम गराई सफल कृषक वा कृषिलाई व्यावसायिक बनाउने उद्देश्य सहित तालिम पश्चात सहभागिहरूलाई आवश्यक सामग्रीहरू जस्तैः ड्रम, पानी तान्ने पाइप, बीउहरू पनि वितरण गरिने छ र सहभागीहरू मध्येबाट उत्कृष्ट १० जनालाई बजार व्यवस्थापनको तालिम पनि उपलब्ध गराइने छ। जसले गर्दा समुदायले उत्पादन गरेका विषादी रहित कृषिजन्य वस्तुहरू बजारीकरणको ज्ञानको अभावमा खेर फाल्न नपरोस् भनेर प्रचार-प्रसार सहित तरकारी संकलन केन्द्रको स्थापनाको लागि सम्बन्धित निकायमा आवश्यक पहल गरिने छ।

यसै कार्यक्रमको समूहले मासिक रूपमा बचत कार्यक्रम पनि गर्ने छन्। समूहमा बचत तथा ऋण परिचालनबारे कार्यक्रम




CamScanner

संचालन गरिने छ। यस कार्यक्रमले समूहका सदस्यहरूलाई सानोतिनो ऋण खोज्न अन्त जान आवश्यकता पर्दैन । समूहमा मासिक बचत कार्यक्रमसँगै अरू चेतनामूलक कार्यक्रमहरू पनि संचालन गरिने छ। जसले गर्दा आर्थिक आर्जन मात्र हैन बचतमा पनि सीप चाहिन्छ भन्ने कुरा बुझाएर पहरी समुदायका लक्षित वर्गलाई आर्थिक रूपमा सवल र सक्षम बनाउने लक्ष्य सहित कार्यक्रम संचालन गरिएको छ।









# आदिवासी जनजाति बृहत राष्ट्रिय राजनीतिक सम्मेलनद्धारा तयार पारिएको काठमाडौं घोषणापत्र–२०७५

**१. नेपालको संविधान, २०७२ सम्बन्धमा :**
नेपालका ३५.३ प्रतिशतभन्दा बढी आदिवासी जनजातिहरूको पहिचान र अधिकारहरू सुनिश्चित नगरिएको मात्र होइन नेपालको संविधान, २०७२ मा आदिवासी जनजाति बिरुद्ध विभेदकारी, बहिष्करण गर्ने र खस आर्य एकल जातीय सर्वोच्चता कायम गर्ने प्रावधानहरू रहेकाले आदिवासी जनजातिहरू संविधानप्रति असन्तुष्टि व्यक्त गर्दछ। आदिवासी जनजाति आन्दोलनले स्थापित गरेका मूलभूत मुद्दाहरूलाई संविधान संशोधनमार्फत् सम्बोधन नगरिए देश द्वन्द्वमा फस्ने र शान्ति र समृद्धि सम्भव नहुने प्रष्ट पार्दछौं।

**२. राज्य पुनर्संरचना सम्बन्धमा :**
संघीयताको सिद्धान्तअनुसार रक्षा, परराष्ट्र र मुद्रा संघ (केन्द्र)लाई र बाँकी सम्पूर्ण अधिकार प्रदेश सरकारलाई हुने पूर्ण संघात्मक व्यवस्था अवलम्बन गरिनुपर्दछ।

**क) प्रदेश:** आदिवासी जनजातीय दृष्टिकोणले राज्यको पुनर्संरचना पहिचानका पाँच (जातीय/समुदायगत, भाषिक, सांस्कृतिक, भौगोलिक/क्षेत्रगत निरन्तरता र ऐतिहासिक निरन्तरता) र सामार्थ्यका चार (आर्थिक अन्तरसम्बन्ध र सामर्थ्य, पूर्वाधार विकासको अवस्था र सम्भावना, प्राकृतिक स्रोत र साधनको उपलब्धता र प्रशासनिक सुगमता) आधारमा हुनुपर्नेमा खस आर्य एकल जातीय वर्चश्व कायम गर्ने गरी निर्माण गरिएको ७ प्रदेशको प्रादेशिक संरचना आदिवासी जनताका लागि स्वीकारयोग्य छैन। नेपाल सरकारले अन्तरिम संविधानको धारा १३८ बमोजिम गठन गरेको उच्चस्तरीय राज्य पुनर्संरचना आयोगको सिफारिशअनुरुप आत्मनिर्णयको अधिकार सहितको १०+१ (११) प्रदेशहरू नै आदिवासी जनजाति आन्दोलनको बटमलाइन हो।

**ख) स्थानीय तह:** जातीय समुदायको क्लस्टर तथा उनीहरूको थातथलो नबिगारिकन स्थानीय तहको सिमाङ्कन गरिनुपर्ने आदिवासी जनजातिहरूको माग विपरीत उनीहरूको थातथलो तथा जनसंख्या विभाजन तथा खण्डीकृत गरी निर्माण गरिएको ७५३ संख्याको स्थानीय तहको पुनर्संरचनामा समेत त्रुटी रहको हाम्रो ठहर हो। असंवैधानिक, अवैज्ञानिक, विभेदकारी, सुनियोजित र षड्यन्त्रमूलक ढंगले निर्माण गरिएको गाउँपालिका र नगरपालिकाहरूको नामाङ्कनमा समेत आदिवासीहरूको पहिचानजनित भूगोल तथा थातथलोलाई निस्तेज गर्दै हिन्दूकरण/संस्कृतकरण गरिएको प्रति समेत हामी आदिवासीले विरोध जनाएको पुनः अवगत गराउँदछौं।

**ग) स्वायत्त, संरक्षित र विशेष क्षेत्र:** थोरै संख्यामा रहेका आदिवासी जनजातिहरूको अधिकार सुनिश्चितताका लागि संविधानको धारा ५६(५) मा व्यवस्था गरिएको स्वायत्त, संरक्षित र विशेष क्षेत्रको संवैधानिक परिकल्पनालाई नकार्दै स्थानीय तहको संरचना गरिएको प्रति हाम्रो विरोध रहेको छ। राज्यको विशेष तहको रुपमा संघीय/प्रादेशिक कानून बमोजिम विशेष संरचनाअन्तर्गत स्वायत्त, संरक्षित र विशेष क्षेत्रहरू निर्धारण हुनुपर्छ र यसको क्षेत्राधिकार संविधानको अनुसूचीमा उल्लिखित हुनुपर्छ तर नेपालको संविधान, २०७२ को धारा ५६(५) अनुसार स्वायत्त, संरक्षित र विशेष क्षेत्रका सिमाना र संख्या निर्धारण अझै हुन सकिरहेको छैन। थोरै संख्यामा रहेका आदिवासीहरूका लागि उनीहरूको राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, प्रशासनिक विकासका लागि स्वायत्त, विशेष र संरक्षित क्षेत्र निर्माण गरिनु अनिवार्य छ।

**स्वायत्त, संरक्षित र विशेष क्षेत्रको सूची:** १) वालुङ, २) तोक्पेगोला, ३) याक्खा, ४) लाप्चा, ५) राजवंशी, ६) सन्थाल, ७) किसान, ८) धिमाल, ९) उराँव, १०) ताजपुरिया, ११) गन्गाई, १२) बोटे, १३) दनुवार, १४) सिङ्सा, १५) सुनुवार, १६) हायु, ७) जिरेल, १८) थामी, १९) ह्योल्मो/याल्मो, २०) चेपाङ, २१) लार्के, २२) सियार, २३) बराम, २४) पहरी, २५) बाह्रगाउँले, २६) ल्होपा, २७) थकाली, २८) छन्त्याल, २९) डोल्पो, ३०) ब्याँसी, ३१) भोटे, ३२) राजी, ३३) कुमाल, ३४) माझी, ३५) भूजेल, ३६) धानुक, ३७) वनकरिया, ३८) कुसवडिया, ३९) मेचे, ४०) राउटे, ४१) सुरेल, ४२) थुदाम, ४३) दराइ, ४४) दुरा, ४५) मुगाली, ४६) ताङ्बे, ४७) तिनगाउँले, ४८) कुसुन्डा, ४९) मार्फाली थकाली।

ऐतिहासिक, भाषिक, सामाजिक, सांस्कृतिक सघनता भएका अरू आदिवासी जनजाति समुदायका लागि समेत स्वायत्त, संरक्षित र विशेष क्षेत्र बनाइनुपर्दछ।

**३. प्रदेशहरूको पुनः संख्याकरण र नामाङ्कन सम्बन्धमा :**
अहिलेको संविधानमा व्यवस्था गरिएको ७ प्रदेशहरूलाई पुनः संख्याकरण नगरी सही अर्थमा संघीयता स्थापित हुन सक्दैन। त्यसैले संविधानको धारा २७४ लाई संशोधन गरेर मानव पहिचान र सामर्थ्यको आधारमा ७ प्रदेशलाई बढाएर १०+१ प्रदेशहरू स्थापना गरिनुपर्दछ। नेपालको अन्तरिम संविधान २०६३ को धारा १३८, पहिलो संविधानसभाको राज्य पुनर्संरचना तथा राज्यशक्ति बाँडफाँड समितिको प्रतिवेदन, राज्य पुनर्संरचना उच्चस्तरीय आयोगको सुझाव प्रतिवेदन, नेपाल आदिवासी जनजाति महासंघ तथा आदिवासी आन्दोलनसँग नेपाल सरकारले विभिन्न समयमा गरेको २० बुँदे र ९ बुँदे सम्झौता, पहिचानजनित आन्दोलनहरूसँग विभिन्न पटक गरिएका सहमति वा सम्झौताहरूबमोजिम प्रदेशको नामाङ्कन गर्दा आदिवासी मानव समुदायले विकास गरेको ऐतिहासिक सभ्यता र पहिचान (जातीय/समुदायगत, भाषिक, सांस्कृतिक, भौगोलिक/क्षेत्रगत निरन्तरता र ऐतिहासिक निरन्तरता)को आधारमा हुनुपर्दछ।



CamScanner

## ४. भाषा सम्बन्धमा :

संविधानको धारा ७ मा व्यवस्था गरिएको भाषासम्बन्धी धारा अनिवार्य संशोधन हुनुपर्छ किनकि आर्य नेपाली भाषालाई उच्च र अरू भाषाहरूलाई निच रूपमा व्यवस्था गरिएको छ । संविधानतः बहुभाषिक नीतिलाई अंगिकार गरी सकिएकोले प्रदेशहरूको सरकारी कामकाजको भाषा आर्य नेपालीसहित अन्य भाषाहरूलाई अविलम्ब तोकिनुपर्दछ । साथै, प्रदेशभित्रका थोरै संख्यामा रहेका आदिवासी जनजातिहरू र अन्य रैथाने भाषाहरूलाई उनीहरूको सघन बसोबास रहेको सम्बन्धित भूगोलको स्थानीय तहहरूमा सरकारी कामकाजको भाषा बनाइनुपर्दछ । त्यसैगरी, प्रदेश र स्थानीय तहहरूमा प्राथमिक हुँदै माध्यमिक तहदेखि उच्च शिक्षासम्म मातृभाषा शिक्षालाई माध्यम र विषयको रूपमा अनिवार्य विषय बनाइनुपदर्छ ।

## ५. समानुपातिक समावेशी प्रतिनिधित्व सम्बन्धमा :

नेपालको संविधान र संविधानकै धारा ४२ को मूल मर्म र भावना बमोजिम संघ, प्रदेश र स्थानीय तहको व्यवस्थापिका, कार्यपालिका, न्यायपालिकालगायत तीनै तहको सरकारहरूको सम्पूर्ण अङ्ग, तह तथा संरचनाहरूमा जातीय जनसंख्याको आधारमा समानुपातिक एवं समावेशी प्रतिनिधित्व सुनिश्चितताका लागि ठोस ऐन, कानून र नीति तय गरिनुपर्दछ । राज्यको सबै अङ्ग र तहहरूमा महिला र अपाङ्गता भएकाहरूको प्रतिनिधित्व गराउँदा आदिवासी जनजाति महिला र अपाङ्गता भएकाहरूको पहिचानसहित जनसंख्याको आधारमा प्रतिनिधित्वको व्यवस्था सुनिश्चित गरिनुपर्दछ । सकारात्मक विभेद/आरक्षणको विश्वव्यापी सिद्धान्त, मूल्य र मान्यता विपरीत राज्यको सबै अङ्ग र तहहरूमा वर्चस्व कायम रहेको शासक समुदाय दिइएको आरक्षणको व्यवस्था हटाइनुपर्दछ । 'खसआर्य' क्लस्टरलाई 'खस' र 'आर्य' छुट्टाछुट्टै क्लस्टर बनाएर राज्यको सबै अङ्ग र तहहरूमा जनसंख्याको आधारमा समानुपातिक प्रतिनिधित्व सुनिशित गरिनुपर्दछ ।

## ६. संघ, प्रदेश र स्थानीय तहको ऐन, कानून, नीति र कार्यक्रमहरू सम्बन्धमा :

संविधानमा व्यवस्था भएबमोजिम संघ, प्रदेश र स्थानीय तहहरूको अधिकारको प्रयोग गर्दै ऐन, कानून, नीति र कार्यक्रमहरू बनाउँदा 'आदिवासी जनजाति अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं. १६९' र 'आदिवासी जनजातिको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र २००७' दुवैको नेपाल पक्ष राष्ट्र भएकोले आदिवासीका लागि स्वायत्तता/स्वशासन, आत्मनिर्णयको अधिकार, भूमि (जल, जंगल र जमिन) माथिको अग्राधिकार (पहिलो अधिकार), प्राकृतिक स्रोत साधनमाथिको अधिकार, प्रथाजनित कानून, पूर्व स्वतन्त्र जानकारी सहितको मन्जुरी (एफपिक)अनुसार भाषा, शिक्षा, विकास, विस्थापनलगायतका सवालहरूलाई सम्बोधन हुने गरी संघ, प्रदेश र स्थानीय तहको ऐन, कानून, नीति र कार्यक्रमहरू निर्माण गरिनुपर्दछ ।

हामी आदिवासी जनताले तिरेको करबाट राज्यका संयन्त्रहरू सञ्चालित छन् तर वर्तमान सरकारले लक्षित समूहलाई दिइँदै आएको स्रोत (बजेट) र कार्यक्रम खोसिदिएको प्रति खेद प्रकट गर्दै संघीय, प्रदेश र स्थानीय तहका सरकारहरूसँग आदिवासी जनजातिलगायत लक्षित, सिमान्तकृत र बहिष्कृत समुदायबीच एकताबद्ध भई मोर्चा वा संयन्त्र बनाउँदै समन्वय र दबाब सिर्जना गरेर बजेटहरू प्राप्त गर्ने र पहिचान र अधिकारसँग सम्बन्धित कार्यक्रमहरू सञ्चालन गनुपर्दछ ।

## ७. मानवअधिकार सम्बन्धमा :

क) आदिवासी अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र २००७, अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं. १६९ लगायतका अन्तर्राष्ट्रिय मानवअधिकार सम्बन्धी दस्तावेजहरूका प्रावधानहरू संविधान तथा नयाँ बन्ने र संशोधन हुने ऐन, कानून तथा नीतिहरूमा समावेश गरिनुपर्दछ ।

ख) आदिवासी जनजातिको पहिचान तथा अधिकारका लागि संघर्षरत आन्दोलनकर्मी, अधिकारकर्मी र राजनीतिकर्मीहरूलाई तथाकथित संगठित अपराध सम्बन्धी कानूनको आडमा पक्राउ गर्ने, थुन्ने तथा झूठा मुद्दामा फसाउने (Selective Prosecution) राज्यको हर्कत तुरुन्त बन्द गरिनुपर्दछ । गौ वधसम्बन्धी मुद्धामा जेल जीवन बिताइरहेका, कैलालीको टीकापुर घटनालगायत पहिचान र अधिकारका लागि शान्तिपूर्ण आन्दोलनमा संलग्न भएकै कारण मुद्दा खेपिरहेकाहरूको मुद्दा निःशर्त फिर्ता गरिनुपर्ने र जेल जीवन बिताइरहेकाहरूलाई बिना शर्त क्षतिपूर्तिसहित नेपाल सरकारले रिहा गर्नुपर्छ ।

ग) काठमाडौं उपत्यकालगायत विभिन्न आदिवासीको भूमिहरूमा विकासका नाममा सञ्चालित आयोजना तथा परियोजनाहरूले आदिवासीहरूको मानव अधिकारको ब्यापक हनन् गरी उनीहरूको परम्परागत थातथलो तथा भूमि अतिक्रमण गर्ने राज्यको हर्कतप्रति आदिवासी जनजाति विरोध गर्दछ र त्यस्ता क्रियाकलापहरू तत्काल बन्द गर्न र उनीहरूको पूर्व सूचित जानकारीसहितको मन्जुरी लिएर मात्र त्यस प्रकारको परियोजना तथा कार्यक्रमहरू सञ्चालन गरिनुपर्दछ ।

## ८. आर्थिक विकास र समृद्धि सम्बन्धमा :

देशको सार्वभौमिकता, स्वतन्त्रता, भौगोलिक अखण्डता र राष्ट्रिय एकताका लागि सबैभन्दा जिम्मेवार भूमिप्रेमी आदिवासी समुदायमाथि नेपाली राज्यबाट विभिन्न बहानामा विभेद, शोषण र उत्पीडन भइरहेको छ । तथाकथित 'नेपाल एकीकरण' नामको नेपालको राज्य बिस्तार तथा आन्तरिक औपनिवेशीकरणको शिकार सबैभन्दा बढी आदिवासी जनजातिहरू भएको र आदिवासी जनजाति जनता गोर्खा राज्यको बिस्तार तथा आन्तरिक औपनिवेशीकरण पश्चात् राज्यले सुनियोजित रूपले आदिवासीको ऐतिहासिक भूमिमाथिको अधिकार खोस्ने र आदिवासीमाथि आर्थिक शोषण गर्दै दिनानुदिन गरिब बन्नु परेको यथार्थ हो । तसर्थ, आदिवासी जनता आर्थिक विकास र समृद्धि सबैभन्दा बढी चाहन्छन् । तर, नेपाली समाजको विविधतालाई सम्बोधन नगरी समग्र आर्थिक विकास र समृद्धि सम्भव छैन । विकासको नाममा हुने आदिवासीको पहिचान, इतिहास जोडिएको विनास आदिवासीको पहिचानको सम्मान र राज्यका सबै अङ्ग र संयन्त्रहरूमा पहुँच र प्रतिनिधित्व सुनिश्चित भएको र नेपाली समाजको चित्र राज्यका ऐन, कानून, नीति र कार्यक्रमहरूमा देखिएको विकास र समृद्धि आदिवासी आन्दोलनको ठहर हो र आदिवासी ज्ञान, सीप, कलाको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन गरे मात्र साँचो अर्थमा मुलुकमा दिगो विकास र समृद्धि सम्भव छ ।

## ९. सामाजिक सांस्कृतिक सम्बन्धमा :

बहुसांस्कृतिक नेपालमा सबै संस्कृतिहरूलाई राज्यले समान व्यवहार गर्नुपर्छ । तर, वर्तमान राज्यसरकारको नीति र कार्यशैली 'एकल सांस्कृतिक' रहेको प्रष्ट छ । वर्तमान सरकारले ३१ प्रतिशत आर्य समुदायका लागि अझै पनि १२ दिन सार्वजनिक बिदा दिइएको छ भने ३५.३ प्रतिशत आदिवासी जनजातिका लागि विगतमा दिइँदै आएको ५ दिन सार्वजनिक बिदा पनि



CamScanner

पूर्णरूपले खारेजी गरेको छ । नेपालका आदिवासी जनजातिहरूको ऐतिहासिक, सामाजिक, सांस्कृतिक पहिचान र सभ्यतासँग जोडिएका चाडपर्वहरू (उभौली, उधौली, तमु ल्होसार, सोनाम ल्होसार, ग्याल्बो लोसार, माघी/माघे सङ्क्रान्ति आदि)लाई सम्मानस्वरुप दिइँदै आएको सार्वजनिक बिदा वर्तमान सरकारले खारेज गरेकोप्रति आदिवासी जनता घोर भर्त्सना गर्दछौं । साथै आदिवासी जनजातिहरूको ऐतिहासिक, सामाजिक, सांस्कृतिक पहिचान र सभ्यतासँग जोडिएका चाडपर्वहरूको बिदा खारेजी तुरुन्त फिर्ता गरिनुपर्दछ । त्यसैगरी, थौरै संख्यामा रहेका आदिवासी जनजातिहरूको पहिचानसँग जोडिएका सांस्कृतिक चाडपर्वहरूमा पनि सार्वजनिक बिदाको व्यवस्था गरिनुपर्दछ भन्ने हाम्रो माग रहेको छ। त्यसैगरी, खस समुदायको पहिचानसँग जोडिएको मस्टो धार्मिक सांस्कृतिक चाडमा समेत सार्वजनिक बिदा दिइनुपर्दछ।

विश्वभरका आदिवासीहरूले मनाउने 'विश्व आदिवासी दिवस' ९ अगस्टलाई नेपालका आदिवासी जनजातिहरूले पनि प्रत्येक वर्ष भव्य रूपले मनाउँदै आएकाले सो दिनलाई देशैभर सार्वजनिक बिदा घोषणा गर्न नेपाल सरकारलाई जोड्दार माग गर्दछौं ।

## १०. धार्मिक सम्बन्धमा :

संविधानमा धर्मनिरपेक्षताको व्याख्या धर्मनिरपेक्षतासँगै बाझिएकोले उक्त व्याख्या हटाइनुपर्दछ । र, धर्मनिरपेक्षताको सिद्धान्त र मूल्य मान्यतासँग बाझिएका ऐन, कानून र नीतिहरू संशोधन गरिनुपर्दछ । धर्मरिपेक्षताको मूल मर्म र भावनाअनुसार राष्ट्रिय जनावर, रङ, चिन्हलगायत अन्य एकल राष्ट्रिय प्रतिकहरू विविधततालाई सम्मान हुने गरी परिवर्तन गरिनुपर्दछ ।

## ११. भूमि, भूक्षेत्र र प्राकृतिक स्रोतसाधन (जल, जंगल र जमिन) सम्बन्धमा :

आदिवासीको अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय श्रम संगठनको नं. १६९ र आदिवासीको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र-२००७ अनुरूप भूमि, भूक्षेत्र र प्राकृतिक स्रोतसाधन (जल, जंगल र जमिन)को उपभोग गरिनुपर्दछ।

आदिवासी जनतासँग पूर्व सुसूचित मन्जुरी सहितको स्वीकृति बमोजिम प्राकृतिक स्रोतसधन (जल, जंगल र जमिन)को प्रयोग र सदुपयोग गरिनुपर्दछ । भूमि र भूक्षेत्र आदिवासीहरूको स्वायत्तता/स्वशासनको आधार हो, त्यसैले आदिवासीको भूमि र भूक्षेत्रमा उनीहरूको अग्राधिकार (प्रथम अधिकार) सुनिश्चित गरिनुपर्दछ।

## १२. सहमति र सम्झौता कार्यान्वयन सम्बन्धमा :

क) गोर्खा राज्यको बिस्तारको क्रममा र बिस्तारपछि आदिवासीहरूमाथि राज्यले गरेको विभेद र दमनका लागि राज्यले सार्वजनिक माफी माग्नुपर्दछ।

ख) गोर्खा राज्यको बिस्तारको क्रममा र बिस्तारपछि विभिन्न आदिवासीहरूसँग गरिएको सन्धि, सम्झौताहरूलाई राज्यसरकारले इमान्दारितापूर्वक कार्यन्वयन गर्नुपर्दछ।

ग) यसरी नै, आदिवासी जनजातिहरूको पटक-पटकको आन्दोलन पश्चात् नेपाल सरकार र नेपाल आदिवासी जनजाति महासंघबीच वि.सं. २०६४ साउन २२ मा भएको २० बुँदे र २०६९ जेठ ९ गते गरिएको ९ बुँदे तथा पहिचानजनित आन्दोलन (थरूहट, लिम्बूवान, ताम्सालिङ/तामाङसालिङ, किरात/खम्बुवान, तमुवान, नेवाः, मगरात, शेर्पा, वल्लो किरात, कोच)हरूसँग गरिएका सहमति र सम्झौताहरूमध्ये सम्बोधन हुन बाँकी रहेका बुँदाहरू यथाशिघ्र तत् तत् बमोजिम सम्बोधनार्थ कार्यान्वयन गरियोस् । साथै यसका अलावा विभिन्न आदिवासी समूह तथा घटकहरूसँग भएका ७ वटा सम्झौता तथा सहमतिहरू तत्काल कार्यान्वयनका लागि नेपाल सरकारले इमान्दारिता देखाउन आग्रह/माग गर्दछौं ।

घ) ब्रिटिश गोर्खा सैनिकहरूको समस्या नेपालका आदिवासी जनजातिहरूमाथि भएको विभेदको एक पाटो हो । सन् १९४७ को सन्धिअनुसार नेपाल सरकारले पठाएर नै ब्रिटिश गोर्खा सैनिकहरू भर्ती भएकोले गोर्खा सैनिकहरूको सन्तानको नागरिकता लगायतको समस्या समाधानका लागि विशेष कानूनी व्यवस्था गरिनुपर्दछ । गोर्खा सैनिकको समान पेनसन र समान अवसरका लागि नेपाल सरकारले अविलम्ब कूटनीतिक पहल गर्नुपर्दर्छ । गोर्खा सैनिकहरू र गैरआवासीय नेपालीलाई एउटै ढङ्गले हेर्ने, बुझ्ने र व्याख्या गर्ने कुरा सही होइन । यसर्थ, राज्यको प्रतिनिधित्व गर्दै भर्ती भएका गोर्खा सैनिकहरूको नेपाली नागरिकता निरन्तर कायम राखिनुपर्दछ।

## १३. अबको कार्यदिशा र कार्यान्वयन सम्बन्धमा :

क) आदिवासी जनजातिहरूलाई 'फुटाउ र शासन गर' भन्ने षड्यन्त्रमूलक प्रक्रियामार्फत् आदिवासी जनजाति समूहलाई अल्पसंख्यक सूचीमा समावेश गरिएको प्रति असहमति जनाउँदै अवैज्ञानिक र हचुवाको भरमा भएकोले खारेज गरिनुपर्दछ । आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान र आदिवासी जनजाति आयोगको काम, कर्तव्य, अधिकार र कार्यक्षेत्र अलग-अलग भएकोले वर्तमान सरकारले प्रतिष्ठानलाई खारेजी गर्ने प्रक्रिया अविलम्ब रोकिनुपर्दछ। आदिवासी जनजाति आन्दोलनको त्याग, योगदान, बलिदान र संघर्षबाट स्थापित प्रतिष्ठानलाई कायम राख्न संघर्ष जारी राखिनेछ।

ख) पहिचान र अधिकार प्राप्तिका लागि संघर्षरत मधेस, दलित (शिल्पी), मुस्लिम, खसानलगायतका आन्दोलनहरूसँग समन्वय र सहकार्य गर्दै विभेदको विरुद्ध गोलबद्ध भएर संघर्ष जारी राखिनेछ।

ग) यस घोषणापत्रमा उल्लेखित माग मुद्दाहरूलाई कार्यान्वयन गर्न गराउन सम्बन्धित नेपाल सरकार तथा निकाय र संयन्त्रहरूमा दबाब सिर्जना गर्दै थप सशक्त संघर्ष र आन्दोलन अघि बढाउने प्रतिबद्धता व्यक्त गर्दछौं। उपर्युक्त मागहरू नेपाल सरकारले सम्बोधन नगरेको खण्डमा विश्व आदिवासी आन्दोलनको अनुभव, संसदीय लोकतान्त्रिक व्यवस्थाको सिद्धान्त र मूल्य मान्यताअनुरुप नेपालका आदिवासी जनजातिहरूले सार्वभौम आत्मनिर्णयको अधिकार उपभोग गर्दै 'छायाँ व्यवस्थापिका-संसद'सम्म संघीय (केन्द्र) र प्रदेश तहहरूमा समेत गठन गरी सञ्चालनको नियम, कार्यविधि बनाएर कार्य सम्पादन गगर्दै पहिचान र अधिकार प्राप्तिका लागि संघर्ष गरिनेछ। नेपालको आदिवासी जनजाति आन्दोलनले लामो समयदेखि उठाउँदै आएको सामाजिक न्याय, समानता/समता, मानवअधिकार र सबैखाले विभेद र उत्पीडन विरुद्धको मुद्दा/मागहरू सरकारले समयमै सम्बोधन नगरेको अवस्थामा आदिवासी जनता आन्दोलित हुने र जसबाट उत्पन्न हुनसक्ने जुनसुकै घटना र परिणामको जिम्मेवार स्वयम् नेपाल सरकार र राजनीतिक दलहरू हुने कुराको समेत गम्भीर ध्यानाकर्षण गर्न गराउन चाहन्छौं ।

धन्यवाद।

जय आदिवासी जनजाति।
जय संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल॥
सम्वत् २०७५ साउन २४ गते (२०१८ अगस्ट ९)



CS CamScanner

# आदिवासी सवालमा संयुक्त राष्ट्रसंघको स्थायी मञ्चको सत्रौं शत्र
## संयुक्त राष्ट्रसंघको मुख्यालय, न्यूयोर्क, १६–२७ अप्रिल २०१८

# "भूमि, भूभाग र स्रोतमा आदिवासीको सामूहिक अधिकार"

राष्ट्रिय आदिवासी जनजाति महिला मञ्च (निफ)

**प्रतिवेदन**

यो प्रतिवेदन एजेण्डा बुँदा ८ : विशेष बुँदा : "भूमि, भूभाग र स्रोतमा आदिवासीको सामूहिक अधिकार" सँग सम्बन्धित छ।

आक्रमक विकासले धेरै आदिवासीहरूलाई हाम्रो आफ्नो भूमि, भूभाग र स्रोतबाट विस्थापित गरेको छ। यसको परिणाम खाद्य असुरक्षा र पवित्र स्थल, सांस्कृतिक सम्पदा र जीविकोपार्जनको साधनलाई गुमाउनु परेको छ। नेवार आदिवासी (जो सडक बिस्तार परियोजनाको शिकार भएका छन्)ले सांस्कृतिक संहारको विरुद्ध प्रतिरोध गरिरहेका छन्। सरकारी सुरक्षा बलले आदिवासी विरुद्ध अत्यधिक बल प्रयोग गर्दछ। कानूनी मुद्दा चलिरहेको छ र नेपाली सेनाले आदिवासी नेवारसँग संवाद गर्दै आएको छ। काठमाडौं उपत्यकामा कार्यान्वयन भएको सडक बिस्तार परियोजनाबाट भएको मानव अधिकारको उल्लंघनको सम्बन्धमा अन्तर्राष्ट्रिय श्रम संगठनले नेपाल सरकारसँग सञ्चार गरिरहेको छ।

त्यसकारण, आदिवासी सवालमा संयुक्त राष्ट्रसंघको स्थायी मञ्चलाई हाम्रो सुझाव यस प्रकार छ :

- नेपाल सरकार र नेपालमा कार्यरत अन्तर्राष्ट्रिय विकासका साझेदारहरू– खासगरी विश्व बैंक, एसियाली विकास बैंक (एडिबी), आइयुसिएन र विश्व वन्यजन्तु संघलाई आदिवासीको भूमि र भूभागमा कार्यान्वयन भएका आक्रमक विकासलाई रोक्न र तत्काल आदिवासीसँग स्वतन्त्र, अग्रीम जानकारी सहितको मञ्जुरी लिन संयन्त्र स्थापना गर्न आव्हान गर्ने।
- संघ, प्रदेश र स्थानीय निकायको ऐन र नीतिको मस्यौदादेखि नै भूमि, भूभाग र स्रोतमा आदिवासीको स्वामित्व र नियन्त्रणको अधिकार आदिवासी जनजातिको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघको घोषणापत्र र अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं. १६९ अनुसार प्रत्याभूत गर्न नेपाल सरकारलाई आव्हान गर्ने।
- संयुक्त राष्ट्रसंघको विकास कार्यक्रम (यूनडीपी) लगायतका अन्तर्राष्ट्रिय विकासका साझेदारहरूले आदिवासीको भूमि र भूभागमा कार्यान्वयन गरिने कुनै पनि विकास परियोजनामा नेपाल सरकारलाई सहयोग गर्दा आदिवासी जनजातिको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघको घोषणापत्र र अन्तर्राष्ट्रिय श्रम संगठनको महासन्धि नं. १६९ अनुसारको मानव अधिकारको अन्तर्राष्ट्रिय मापदण्ड अनुरूप कार्य गर्न आव्हान गर्ने।
- संयुक्त राष्ट्रसंघको विकास कार्यक्रम (यूनडीपी), कृषि विकासको लागि अन्तर्राष्ट्रिय कोष (ईफाद), खाद्य तथा कृषि संघ (एफएओ) र संयुक्त राष्ट्रसंघको अन्य संस्था र अन्तर्राष्ट्रिय विकास साझेदारहरूलाई महिलाभित्रको विविधतालाई मान्यता दिने र आदिवासी ज्ञान र सीपमा आधारित आदिवासी महिलाको आर्थिक सशक्तीकरणको लक्षित कार्यक्रम कार्यान्वयन गर्न आव्हान गर्ने।
- आदिवासी न्यायिक प्रणालीलाई वैधानिक बनाउन नेपाल सरकारलाई आव्हान गर्ने।
- नेपालको राष्ट्रिय मानव अधिकार आयोगमा आदिवासीको सामूहिक अधिकारको छुट्टै इकाई गठन गर्न र आदिवासीको विशेष समाधिक्षक राख्न आव्हान गर्ने।
- भूमि, भूभाग र स्रोतको अवस्थाको सम्बन्धमा संयुक्त राष्ट्रसंघको स्थायी मञ्चले प्रत्येक पाँच वर्षमा अडिट गर्न अनुरोध।

धन्यवाद!

प्रस्तोता : यशोकान्ति भट्टचन (उपाध्यक्ष)



CamScanner



# जेनेभामा आदिवासी महिला

यसै संस्थाको संयोजकत्वमा वि.सं. २०७५ भदौ ८ गते तदनुसार सन् २०१८ अगष्ट २४ अल्फाहाउस बुद्धनगरमा CEDAW को ७१ औं सत्रमा नेपालको आदिवासी जनजाति महिलाहरूको तर्फबाट संयुक्त राष्ट्रसंघको उच्च आयुक्तको कार्यालय जेनेभामा पेश गर्न छायाँ प्रतिवेदन तयार गर्नका लागि राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ, आदिवासी महिला कानूनी सचेतना समूह र राष्ट्रिय आदिवासी जनजाति अपाङ्ग महिला संघ नेपाल समावेश एक राष्ट्रिय कन्सोर्टियम गठन गरियो।

सरकारको तर्फबाट सीड कमिटीलाई बुझाइएको छैटौं आवधिक प्रतिवेदनमा समावेश नभएका, छुटाइएका र थप्नैपर्ने विषयहरूमा छलफल र सुझावहरूको अपेक्षा राख्दै मन्त्रालय, सरकारी आयोग, नियोगका प्रतिनिधिहरूलाई आमन्त्रित गरी कार्यक्रम गरियो तर अपेक्षित व्यक्तित्वहरूको उपस्थिति नहुनु र हुनेले पनि आदिवासीको विषयमा के के तयारी छ भनेर बोल्न नचाहँदा यस कार्यक्रमको उद्देश्यअनुरूप कार्यदिशा बनाउन गाह्रो पर्ने स्थितिको सृजना त्यहींबाट शुरू भएको देखिए तापनि कन्सोर्टियम टीमको अथक मेहनतले छायाँ प्रतिवेदन तयार गरी २०१८को अक्टोबर २२ देखि नोभेम्बर ९ सम्म भएको कार्यक्रममा नेपालको आदिवासी जनजाति महिलाहरूको बाक्लै उपस्थितिमा प्रतिवेदन पढ्ने र बुझाउने काम भएको छ।

यसबाट पनि के देख्न र बुझ्न सकिन्छ भने हामी आदिवासी महिलाको सवालमा सरकार लगायत कोही पनि संवेदनशील नभएको पाइन्छ किनभने यही कार्यक्रममा पनि मन्त्रायलका प्रतिनिधि जो निर्णायक तहमा पुगेको जिम्मेवार महिलाले समेत हामीले त्यहाँ के बोल्ने के नबोल्ने भनेर शब्दको सीमा तोक्नु भनेको जे जे भा'को छ नेपालमा राम्रै छ भनेर टाउको हल्लाएर आउनु भन्न खोजेको देख्दा हामीले अझै आफ्नो अधिकारको लागि कति वर्ष संघर्ष गर्नुपर्छ भनेर अनुमान लगाउन गाह्रो छ।

# साझेदारीमा कार्यक्रमहरू

वि.सं. २०७५ साउन ११, १२ र १३ सम्म जमलको होटल प्यासिफिकमा AIWN को सहयोगमा नेपालका आदिवासीको क्षेत्रमा काम गर्ने संस्थाहरू राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ, राष्ट्रिय आदिवासी जनजाति महिला मञ्च र आदिवासी जनजाति अनुसन्धान तथा विकास केन्द्र लगायत भारत र बंगलादेशका रिसर्चर टीमका प्रतिनिधिहरूले तयार पारेको "निर्णायक तहमा आदिवासी जनजाति महिलाहरूको सहभागिता र प्रतिनिधित्व" विषयक ३ दिने कार्यक्रममा आ-आफ्नो संस्थाले तयार पारेको प्रतिवेदन प्रस्तुत, छलफल र भावी रणनीतिक योजना कार्यक्रम सम्पन्न गरियो। यो कार्यक्रम गर्नुको उद्देश्य हरेक क्षेत्रमा आदिवासी जनजाति महिलाहरूको सहभागिता कस्तो र कति छ भन्ने आधिकारिक डाटा निकाल्नु रहेको छ। जसले गर्दा भोलिको दिनमा संख्यालाई आधार मानेर आदिवासी महिलाको बारेमा भन्न र वकालत गर्न सकियोस्। यस संस्थाबाट उपाध्यक्ष यशोकान्ति भट्टचनले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो र रिजनल मेम्बरको रूपमा उहाँ नै निर्विरोध रूपमा छनौट हुनु भएको छ।






CamScanner

# राष्ट्रिय आदिवासी जनजाति महिला मञ्चको चिनारी

नेपालका आदिवासी जनजाति महिलाहरूलाई राज्यले संरचनागत र निरन्तर विभेदमा पारेका छन् । आदिवासी जनजाति महिलाहरू आदिवासी महिला भएकै कारण आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक, जातीय र लैङ्गिक उत्पीडन भेल्नु परेको छ । यसप्रकारका विभेदहरू अन्त्य गर्न आदिवासी महिलाहरूमा सचेतना जगाउँदै, सशक्तीकरण तथा सबलीकरण गर्दै उनीहरूको नेतृत्व विकास गर्न अपरिहार्य भएको छ । नेपालमा सञ्चालन भएका महिला अधिकार र विकासका प्रयासहरूमा सहभागी हुन आदिवासी जनजाति महिलाहरूलाई स्थानीय तहदेखि राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय तहसम्म सङ्गठित हुन सचेत, सशक्त, सबल र सफल बन्न/बनाउन संस्थागत प्रयासको टड्कारो खाँचो भएकोले **महिला, आदिवासी जनजाति र आदिवासी महिलाको अधिकार र विकासका क्षेत्रमा** अनुभव हासिल गरेका आदिवासी महिलाहरूको नेतृत्वमा **राष्ट्रिय आदिवासी जनजाति महिला मञ्च**को स्थापना वि.सं. २०५५ असोज महिनामा भएको थियो । आदिवासी जनजाति महिलाका सवालहरू अन्य गैरआदिवासी जनजाति महिला तथा आदिवासी जनजाति पुरुषका समस्या र सवालहरू भन्दा भिन्न र विशिष्ट प्रकारका छन् । आदिवासी जनजाति महिलाको सचेतना जगाउन, आदिवासी जनजाति महिला र बालबालिकाको हक, अधिकार सुनिश्चित गर्न, जनवकालतलाई सघन बनाउन र जनवकालत, तालिम, छलफल, अन्तर्क्रिया, अध्ययन, अनुसन्धान, जीविकोपार्जन, पुनर्स्थापना, भौतिक पूर्वाधारका कार्यहरू र अन्य समसामयिक आवश्यकता अनुसारको कार्यक्रम र अभियानहरू सञ्चालन गरी सहयोग पुऱ्याउने लक्ष्य राखी **राष्ट्रिय आदिवासी जनजाति महिला मञ्च** आदिवासी महिलाको विकासका लागि निरन्तर लागि रहेको छ ।

### लक्ष्य

यस संस्थाको लक्ष्य जातीय र लैङ्गिक समानता हासिल गर्ने र आदिवासी जनजाति महिलाहरूलाई देश विकासमा सहयात्री बनाउने हुनेछ ।

### उद्देश्यहरू

- लोपोन्मुख र अतिसीमान्तकृत अवस्थामा रहेका आदिवासी जनजाति तथा आदिवासी जनजाति महिलाहरूको हक र अधिकार सुरक्षित गर्नको लागि पैरवी र जनवकालतको साथै उनीहरूको संस्थागत विकास, क्षमता अभिवृद्धि गर्ने ।
- पछाडि पारिएका आदिवासी जनजाति महिलाहरूका आर्थिक, भाषिक, सामाजिक, धार्मिक, राजनीतिक तथा सांस्कृतिक पक्षलाई सुदृढ बनाउन सहयोग पुऱ्याउने ।
- आदिवासी जनजाति महिलाहरूका सामाजिक अवस्थासँग सम्बन्धित विभिन्न विषयमा अनुसन्धान गरी सवाल तथा समस्याहरूको विश्लेषण गर्ने र आवश्यकता अनुसार कार्यक्रम सञ्चालन गर्ने ।
- आदिवासी जनजाति महिलाहरूका बारेमा विभिन्न पत्रपत्रिका र निर्देशिका प्रकाशन गरी जनचेतना जगाउने ।
- शोषित, पीडित अवस्थामा रहेका आदिवासी जनजाति महिलाहरूलाई आफ्नो हक अधिकार सुरक्षित गर्न, सचेत गराउनका साथै मानव बेचबिखन, चेलीबेटी बेचबिखन, वैदेशिक रोजगार तथा देहव्यापारको बारेमा सचेतना जगाई संगठित रूपमा अगाडि बढ्न प्रोत्साहन गरी निर्मूल गर्न सहयोग गर्ने ।
- स्थानीय निकाय तथा नेपाल सरकारको स्वीकृति लिएर समाजमा विद्यमान रहेका विभिन्न प्रकारका स्वास्थ्य, शिक्षा, वन, जलवायु परिवर्तन, वातावरण तथा सरसफाइ, खानेपानी, लघुजलविद्युत, भूमि तथा खाद्य अधिकार, नवीकरणीय उर्जा, गोबर ग्याँस जस्ता समस्याहरूको सामाधानको लागि मानवीय तथा भौतिक विकासका कार्यक्रमहरू सञ्चालन गर्ने ।
- आदिवासी जनजाति महिलाहरूको अधिकार र विकासका लागि विद्यमान समस्या र चुनौतीहरू समाधानका लागि राजनीतिक दल, नीतिनिर्माता, स्थानीय निकाय, नागरिक समाज र अन्य सरोकारवाला निकायहरूसँग समन्वय गर्ने ।
- नेपाल सरकारले गरेका अन्तर्राष्ट्रिय महासन्धि, सन्धि, अभिसन्धि र घोषणापत्रहरू सम्बन्धी आदिवासी जनजाति महिलाहरूलाई स्थानीय तहदेखि राष्ट्रिय तहसम्म सचेत गराउनुको साथै कार्यान्वयनको लागि वकालत तथा पैरवी गर्ने ।

CamScanner



पहरी समुदायमा आईपीएम तालिम अन्तर्गत काउली र बन्दाको ब्याड राख्दै ।



जेनेभामा सीडको ७१ औं सत्रमा संस्थाका उपाध्यक्ष यशोकान्ति भट्टचनद्वारा आदिवासी जनजाति महिलाबारे छायाँ प्रतिवेदनको विवरण पढ्दै ।




दक्षिण एसिया क्षेत्रीय कार्यशाला गोष्ठीमा मञ्चका पदाधिकारीहरू ।



CS CamScanner